# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०२ जून २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. पश्चिम बंगाल लोक सेवाआयोग परीक्षामा नेपाली भाषालाई समावेश गर्ने जीटिए प्रमुख अनित थापाको मुख्यमंत्री ममता व्यानजी समक्ष आवहान।
२. तिस्ता नदीको जलस्तार बढ़ेपछि आज र भोली राष्ट्रिय राजमार्ग बन्द छ।
३. विश्व हिन्दु परिषदद्वारा डाकिएको सिलगड़ी बन्द सफल रहयो।
४. पश्चिम बंगालमा कोविड मामिला बढ़दै गएको छ।
५. सिक्किममा भू-स्खंलन , तीन जवानको मृत्यु

**जीटिए प्रमुख अनित थापा -मुख्यमन्त्री -पत्राचार**

गोर्खाल्याण्ड क्षेत्रिय प्रशासनका मुख्य कार्यापाल अनित थापाले आज राज्यका मुख्य मन्त्री सुश्री ममता बनर्जीलाई दार्जीलिंग पहाड, तराई अनि डुवर्सका नेपाली भाषी समुदायको पक्षबाट पत्राचार गर्नुभएको छ ।उहाँले पत्रमा पश्चिम बङ्गाल लोक सेवा आयोग द्वारा सञ्चालित पश्चिम बङ्गाल सिविल सेवा (कार्याकारी ) र अन्य परीक्षाहरूमा नेपाली साहित्यलाई वैकल्पिक विषयको रूपमा समावेश गर्न अनुरोध गर्नुभएको छ ।उहाले पत्रमा -संविधानको आठौँ अनुसूचीमा अन्तर्भुक्त नेपाली भाषाले पश्चिम बङ्गालमा, विशेष गरी दार्जिलिङ, तराई, र डुवर्समा सांस्कृतिक, शैक्षिक, र ऐतिहासिक महत्त्व राख्ने र  यो राज्यको समृद्ध भाषिक सम्पदाको हिस्सा हो भनी बताउनु भएको छ । श्री थापाले भन्नुभएको छ -पश्चिम बङ्गाल लोक सेवा आयोग परीक्षाहरूमा नेपाली साहित्य विषय समावेश नभएको कारण नेपालीमा उच्च शिक्षा हासिल गरिरहेका विद्यार्थीहरूमा निराशा पैदा गरेको छ, जसले उनीहरूको आकांक्षालाई बाधा पुऱ्याएको छ। पश्चिम बङ्गाल लोक सेवा आयोग को पाठ्यक्रममा फ्रान्सेली, अरबी, पाली, र फारसी जस्ता विविध भाषाहरू समावेश गरिएका छन्, जसले समावेशीता दर्शाउँछ। नेपाली साहित्यलाई पनि पाठयक्रममा समावेश गरिँदा यसले समावेशिताको भावनासँग मेल खानेछ जहाँ उम्मेदवारहरूलाई राष्ट्रिय स्तरमा आफ्नो विशेषज्ञता प्रदर्शन गर्ने अवसर प्रदान गर्नेछ । उहाँले अझ भन्नुभएको छ - संघ लोक सेवा आयोग  परीक्षाहरूमा नेपाली साहित्यलाई वैकल्पिक विषयको रूपमा समावेश गरिएको छ। पश्चिम बङ्गाल लोक सेवा आयोगको पाठ्यक्रममा नेपाली साहित्यलाई समावेश गरिए यसले  विद्यार्थीहरूलाई समान अवसर प्रदान गर्ने तथा उनीहरूको आकांक्षालाई प्रोत्साहन गर्नुको साथमा राज्य प्रशासनमा प्रतिनिधित्वलाई बलियो बनाउँने बताउनु भएको छ ।उहाँले -नेपाली साहित्यलाई लोक सेवाको पाठ्यक्रममा समावेश गरिनाले नेपालीभाषी समुदायको निम्ति अर्थपूर्ण हुने बताउनु भएको छ  ।यसरीनै हिज दार्जीलिंगका लोकसभा संसद राजु बिस्टले यस बिषयमा राज्य कि मुख्यमन्त्रीलाई पत्राचार गर्दै सकरात्मक पहलको माग गर्नुभएको छ भने इन्डियन गोर्खा जनशक्ति फ्रन्टका सयोजक अजय एडवार्डले पनि आज यस बिषयमा उचित  पहलको माग गर्दै राज्य कि मुख्यमन्त्रीलाई पत्राचार गर्नुभएको छ ।

**संसद सत्र -पत्रचार -भेट**

संसदको आउँदो गृष्मकालीन अधिवेशनमा गोर्खाल्याण्ड मुद्दालाई उठाईयोस् अनि यो बिषयमा चर्चा होस् भन्ने मागमा गोर्खाल्याण्ड एक्टीभिष्ट समूहले सांसद राजु बिष्टसँग भेट गरेको छ । भेट अवधि समूहले सांसद राजु बिष्टकै माध्यमबाट संसदीय कार्यमन्त्री किरण रिजिजुलाई पत्र पठाएका छन् जसमा बिगत बर्ष २००९,२०२४, र २०१९ मा  भएको लोकसभा चुनाउहरुमा भारतीय जनता पार्टीले आफ्नो घोषणा पत्र अथवा सङ्कल्प पत्रमा गोर्खाहरूको निम्ति गरेको वाचा हरुलाई स्मरण गराएका छन्। सयोजक  किशोर प्रधानको हस्ताक्षर गरिएको उक्त पत्र गृहमन्त्री अमित शाहलाई पनि प्रेसित गरिएको छ। साथै संसदीय कार्य मन्त्री एवम् गृहमन्त्रीलाई मेल द्वारा पनि पत्राचार गरिएको गो.एसका सह-सयोजक  बिक्रम छेत्रीले जानकारी गराएका छन्।

**राष्ट्रिय राजमार्ग 10**

राष्ट्रिय राजमार्ग 10 मा आज अनि भोलि सवारी आवागमनमा प्रतिबन्ध लगाइएको छ। NHIDCL ले एउटा निर्देशिका जारी गर्दै बिहान 8 बजी देखि दिउँसो दुई बजे सम्म प्रतिबन्ध लगाएको हो। आज प्रथम दिन यसलाई पुर्ण पालन गरिएको देखिएको छ।टिस्टा नदी को बढ्दो जलस्तरलाई मध्ये नजरमा राख्दै सबै वाहनहरु माथी प्रतिबन्ध राखिएको जनाइएको छ l

**पश्चिम बंगाल कोविड-19 -नयाँ मामिला**

पश्चिम बंगालमा पछिल्लो २४ घण्टामा कोविड -१९ को ४४ जना नयाँ मामिला प्रकाशमा आएको छ। राज्य सरकारका अधिकारीहरूले यस आशयको जानकारी दिएका हुन्। योसँगै राज्यमा सक्रिय सङ्क्रमितको सङ्ख्या ३३१ पुगेको छ। स्वास्थ्य मन्त्रालयको आकडा अनुसार यो अवधिमा नौ जना संक्रमणमुक्त भएका छन्। राज्यको स्वास्थ्य विभागका एक अधिकारी अनुसार पछिल्लो सात दिनमा ३१९ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ, जसका कारण सक्रिय सङ्क्रमितको सङ्ख्यामा निरन्तर वृद्धि भइरहेको छ। अहिलेसम्म देखिएका अधिकांश मामिलाहरुमा संक्रमणको गम्भीरता नदेखिए पनि स्वास्थ्य विभागले सतर्कता र अवस्थाको निगरानी गरिरहेको छ। विभागले नागरिकहरुलाई सावधानी अपनाउन र कुनै लक्षण देखिएमा तत्काल परीक्षण गर्न अपिल गरेको छ।

**विश्व हिन्दु परिषद्-सिलिगुडी बन्द**

विश्व हिन्दु परिषद्ले डाकेको बन्दको सिलगढीमा व्यापक असर देखिएको छ। आज सम्पूर्ण दोकानपाठहरू बन्द देखिएको छ भने विभिन्न स्थानमा परिषदका सदस्यहरूले धर्ना प्रदर्शन पनि गरे। अतिआवश्यक सेवा बाहेक सबै बाहनहरूको चलाचललाई प्रदर्शनकारीहरूले रोक्यो। विश्व हिन्दु परिषदले मतिगडामा भएको तनावको प्रतिक्रिया स्वरूप गत शनिबार सिलगढीमा 24 घण्टे बन्दको आह्वान गरेको थियो। विश्व हिन्दु परिषदले सिलगढीका विभिन्न स्थानमा ऱ्यालीको आयोजना पनि गऱ्यो साथै विभिन्न ठाउँमा टायर बालेर प्रदर्शन समेत गरे। बन्दअवधि पुलिस प्रशासनले सक्रिय बन्दै धेरै प्रदर्शनकारीलाई पक्राउ पनि गरेको छ। मतिगडामा गत शुक्रबार देखि तनावको स्थिति कायम छ। यो तनावलाई लिएर विश्व हिन्दु परिषद्ले सिलगढीमा 24 घण्टे बन्दको आह्वान गरेको थियो। बन्द अवधि शान्ति कायम राख्न पुलिस प्रशासनले व्यापक सुरक्षा व्यवस्था गरेको थिए। स्थानीय प्रशासनले नागरिकहरूलाई शान्ति र संयम कायम राख्न पनि आह्वान गरे। स्थिति नियन्त्रणमा रहेको र थप सुरक्षा सुनिश्चित गर्न व्यापक पुलिस बल तैनाथ गरिएको पुलिस प्रशासनले जनाए।

**उत्तर सिक्किम -तीन को मृत्यु**

उत्तर सिक्किमको मंगन जिल्ला अन्तर्गत चुङथाङ सब-डिभिजनको लाचेनदेखि 3 किलोमीटर दुरीमा अवस्थित छातेनमा रहेको सेनाको क्याम्पमा आइतवार राति पैहो जाँदा कम्तीमा तीनजना सेनाका जवानले प्राण गुमाएका छन् भने धेरै निखोज बनेको खबर छ।चुङथाङका पुलिस अधिकारी अरुण ठटालले जनाए अनुसार तीनजना सेनाका जवानको शव फेला परेको छ भने नौजना अझै निखोज छन्। लाचेन नदीमा पानीको सतह बढेपछि छातेनमा रहेको सेनाको आधार शिविर नै पैह्रोको चपेटमा परेको थियो। सेनाद्वारा खोजी कार्य जारी रहेको बताइएको छ।उत्तर सिक्किमका धेरैजसो क्षेत्रहरू पैह्रोको कारण सम्पर्क विच्छेद भएकाले नियमित रूपमा ज्यान गुमाउनेहरूको रिपोर्ट प्राप्त हुन सकिरहेको छैन।मगनका जिल्लापाल अनन्त जैनले बताए अनुसार आइतबार राति छातेनमा पैह्रो गएको थियो, जसमा केहीको मृत्यु भएको र कतिजना निखोज बनेका छन्।अर्कोतिर, लाचुङमा फँसेका पर्यटकहरूलाई सोमबार बिहानदेखि सुरक्षित स्थानमा सारिने क्रम जारी रहेको छ।

**फुवागढी विश्व कर्म समाज-भवन निर्माण**

फुवागढी विश्व कर्म समाजले समाज भवनको शिलान्यास गरेको छ।फुवागढी डाँडा गाउँमा पण्डितको मन्त्रोचारण सितै समाजका ज्येष्ठ नागरिक एमएल दियाली(भुतपुर्व प्रधानाध्यापक ) र माइनर घतानीको बाहुली बाट विधिवत रुपमा नरिवल फुटाएर समाज भवन निर्माण कार्यको शुभारम्भ गरिएको जानकारी समाजका सचिव सुरेन घतानीले दिनुभएको छ । विश्वकर्म समाजले फुवागढीमा विभिन्न सामाजिक कार्यहरू सितै वृक्षरोपण,मेधावी विद्यार्थीहरुलाई पढाइमा प्रोत्साहन जगाउन सम्मान कार्यक्रमहरु पनि गर्दै आइरहेका छन्।

**मिरिक – महकमा शासक -सभा**

मिरिकका विभिन्न मन्दिर संचालन समितिका पदाधिकारीहरूले आज  मिरिक महकुमा शासकसिट भेट गर्यो ।यस भेट अवधि प्रतिनिधिहरुले  गर्दै केही दिन अघि मिरिक रङ्गशाला भवन नजिक रहेको काली मन्दिर तोडफोड भएको घटना सम्बन्धमा चर्चा गरेको जानकारी प्राप्त भएको छ  । मिरिक सहमेन्दु देवीस्थान  समितिका प्रवक्ता  जीवन छेत्रीले यस आशयको जानकारी दिनुहुदै महकमा अधिकारीसितको सभामा मन्दिर पुनर्स्थापना सहित यस्ता  असामाजिक घटनाहरुलाई अंकुश लगाउन प्रशासनिक पदक्षेप को माग गरिएको बताउनु भएको छ ।

**चुङथुङ-बिधार्थी सम्मानित**

स्थानीय क्षेत्रका मेधावी विद्यार्थीहरुलाई उनीहरूको उपलब्धिको उच्च सम्मान  गर्दै प्रत्येक बर्ष झैँ यस वर्ष पनि दार्जिलिङ पुलबजार खण्ड अधिनस्त चुङथुङ ग्राम पन्चायतको लोवर चुङथुङ टाइगर हिल क्लब डाँडागाँऊद्वारा एक भव्य कार्यक्रमबीचमा शैक्षिक सम्मान २०२५ प्रदान गरेको छ। क्लबका सभापति राजेन घिसिङको अध्यक्षता तथा लोवर चुङथुङ माध्यमिक विद्यालयका पूर्व प्रधान अध्यापक एस के घिसिङ अनि वर्तमान प्रधान अध्यापक राम तामाङको प्रमुख आतिथ्यमा सम्पन्न  कार्यक्रममा विभिन्न विद्यालयबाट माध्यमिक तथा उच्च माध्यमिक तहको बोर्ड परिक्षामा उत्कृष्ट परिणाम  ल्याउने उत्कृष्ट पाँच पाँच बिद्यार्थीहरुलाई ससम्मान प्रशंसा प्रत्र प्रदान गरि सम्मान गरेको छ।

**अनिवार्य घोषणा**

आकाशवाणीको साामासवार सेवा प्रभागको सापताहिक फोन कार्यक्रम ‘ पब्लिक स्पीक’ मा आज राति नौ बजेर ३० मिनटमा ‘डिजिटल कार्मसमा डार्क पैटर्नबाट उपभोक्ता संरक्षण ’ विषयमा परिचर्चा प्रसातिर गरिनेछ। यस कार्यक्रममा उरपभोक्ता मामिला विभाग, उपभोक्ता मामिलाहरू , खाध्य तथा सार्वजनिक वितरण मंत्रालयमा संयुक्त सचिव अनुपम मिश्रा तथा उपभोक्ता कानून, अध्किार अनिसुरक्षा कार्यकर्ता तथा विशेषज्ञ पुष्पा गिरिमाजी संग डिजिटल कामर्समा डार्क पैटर्नबाट उपभोक्ताहरूको सुरक्षा माथि एक व्यवहारिक चर्चा गर्नुहुनेछ। श्रोताहरू कार्यक्रममा डिजिटल कामर्समा धोखाघड़ी , सतर्क रहने अनि सम्बन्धिता समस्याबारे प्रश्न सोध्नु हुनेछ। हाम्रो टेलिफोन नम्बर ०११-२३४२-१०५० अनि ०११- २३३१ ४४४४ मा साढ़े नौ बजे देखि कल गर्न सक्नुहुनेछठ। यसबाहेक व्हाटस नम्बर ६२८६०६४०४४ मा पिन प्रश्न पठाउन सक्नुहुनेछ। श्रोताहरूले हैश टैग एक्स - ए.आई.आर का साथ एक्स मा पनि प्रश्न पोस्ट गर्न सक्नु हुनेछ।

**सांसद राजु बिष्ट**

दार्जीलिङका सांसद राजु

**मंगर संघ भारत**

मंगर संघ

**किक बक्सिङ एसोसिएसन आफ दार्जिलिङ**

विद्यार्थीहरूहरूलाई किताबी

**मतिगढा -अफगानी युवती पक्राउ**

मतिगढा पुलिसले दुई अफगानी

**पूर्वोत्तर वर्षा**

देशको ६ उत्तर-पूर्वी

**विश्व दूध दिवस**

आज विश्व दुग्ध दिवस

**मिरिक**

आगामि 5 जुन विश्व

****** o ******

**गोर्खा राष्ट्रिय युवा मोर्चा खर्साङ ब्राञ्च**

गोर्खा राष्ट्रिय युवा मोर्चा खर्साङ

**उत्तर २४ परगना**

उत्तर २४ परगना जिल्लाको हाबरा